नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२००२८३
फ्याक्स : ०१-४२००३३६
ईमेल: municipal@mld.gov.np

प.सं. २०७२/०७३
च.नं. ५-१-१५९

मिति : २०७२/११/०३

**विषय : लगत कट्टा सम्बन्धमा ।**

**श्री काठमाडौ महानगरपालिका कार्यालय,**
**श्री उपमहानगरपालिका कार्यालय, १२**
**श्री नगरपालिका कार्यालय, २०४ ।**

नगरपालिका क्षेत्रभित्र विभिन्न आयोजना तथा कार्यक्रम अन्तर्गत निर्माण गरिएका नयाँ सडकहरुको लगत कट्टा हुन नसक्दा विभिन्न समस्याहरु सिर्जना भएका छन् । नागरिकहरु सडकमा पर्ने जग्गाको समेत कर तिर्न बाध्य छन् भने नगरपालिकालाई नक्सामा नभएको सडकको क्षेत्राधिकार कायम गर्न, नक्सा पास गर्न तथा सडकको चौडाइमा एकरुपता कायम गर्न कठिनाइ हुने गरेको छ । यस्ता समस्याहरुको निराकरणका लागि उपरोक्त बमोजिमका नयाँ सडकहरुको लगत कट्टा गरी नेपाल सरकारको नाममा दर्ता गर्न आवश्यक छ । तसर्थ जिल्ला विकास समितिबाट SNRTP, RRRSDP मा प्रयोग गरिएको कार्यविधिका अतिरिक्त तपसील बमोजिमको कार्यविधि अवलम्बन गरी सडकमा पर्ने जग्गाको लगत कट्टा गर्ने व्यवस्था मिलाउन मिति २०७२।१०।२१ को नेपाल सरकार (सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

**तपसील:**

१. नगरपालिकाले अब उप्रान्त सडक स्तरोन्नति गर्दा, सडकमा सोलार बत्ती जडान गर्दा सडकको लगत समेत कायम गर्ने पूर्व शर्त राख्ने ।
२. हरेक नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रका सडकमा पर्ने लगत कट्टा नभएका जग्गाको Inventry तयार गर्ने ।
३. उक्त सडकको RoW तथा Setback तोकी मापदण्ड निर्धारण गर्ने र चिन्ह समेत लगाउने । यसरी RoW तथा Setback तोक्दा सडकको मापदण्ड सम्बन्धमा नेपाल सरकारबाट निर्धारण भएको मापदण्ड, जिल्ला यातायात गुरुयोजना, नगरस्तरीय यातायात गुरुयोजना तथा शहरी योजना, वस्ती विकास तथा भवन निर्माण मापदण्ड, २०७२ का मापदण्डहरुलाई आधार मानी निर्धारण गर्ने ।
४. सडक निर्माणका लागि सडकमा पर्ने जग्गा स्वेच्छिक दान दिन नगरवासीहरुलाई नगरपालिकाले अनुरोध गर्ने र जग्गादाताहरुकहाँ नगरपालिकाका कर्मचारीहरु जाँदा आवश्यक निवदेन ढाँचा समेत साथमा लिएर जाने ।
५. जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसी संकलन भएका निवेदनहरुको आधारमा लगत कट्टा गर्नुपर्ने जग्गाको विवरण तयार गरी निर्णयका साथ मालपोत तथा नापी कार्यालयमा लेखी पठाउने ।
६. यसरी लेखी आएमा नापी कार्यालय र मालपोत कार्यालयले लगत कट्टा गरी नेपाल सरकारको नाममा लगत कायम गर्ने ।

(केशवराज पाँडे)
शाखा अधिकृत

**बोधार्थ:**
श्री सुचना तथा विद्युतीय शासन शाखा: यस पत्रलाई मन्त्रालयको वेभ साइटमा अपलोड गरिदिनुहुन अनुरोध छ ।